# चैनपुर राजपत्र

चैनपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड:२ चैनपुर सङ्खुवासभा नेपाल, फाल्गुन २६ गते, २०७५ साल, संख्या: ८

## भाग-१

## चैनपुर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय,चैनपुर

## प्रदेश नं. १, सङ्खुवासभा, नेपाल

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम चैनपुर नगर कार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत २०७५ सालको ऐन नं: ७ (सात)

# चैनपुर नगरपालिका विपद् व्यवस्थापन ऐन, २०७५

नगर सभाबाट पारित भएको मिति: २०७५।११।२५

प्रमाणिकरण मिति:२०७५ /११/२६

**प्रस्तावनाः**

चैनपुर नगरपालिकाभित्र प्राकृतिक तथा गैह्रप्राकृतिक विपद् बाट सर्वसाधारणको जीवन रक्षा,सार्वजनिक,निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षणका साथैविपद् उत्थानशील नगरको विकासका निमित्त विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै चरणमा गरिने कृयाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वियन गर्नका निमित्त कानुन बनाउन बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद १५ दफा १०२ले दिएको अधिकार प्रयोग गरी चैनपुर नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "चैनपुर नगरपालिका विपद् व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "प्रमुख" भन्नाले चैनपुर नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ख) "उप-प्रमुख" भन्नाले चैनपुर नगरपालिकाको उप-प्रमुख सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "कार्यान्वयन समिति"भन्नाले दफा ४ बमोजिम गठन भएको नगर विपद् व्यवस्थापन कार्यान्वयन समिति सम्झनु पर्दछ ।

(ङ) "कार्यदल" भन्नाले विपद् व्यवस्थापनका विभिन्न विषयमा काम गर्न नगर विपद् व्यवस्थापन परिषद्ले कार्यविभाजनसहित गठन गरेका विषयगत कार्यसमूहलाई सम्झनु पर्दछ,सो शब्दले विपद् व्यवस्थापनका लागि गठितस्वयंसेवक समूहलाई समेत जनाउँनेछ ।

(च) “कोष” भन्नाले परिच्छेद ६ दफा १४बमोजिम स्थापित विपद् व्यवस्थापन कोष सम्झनु पर्दछ ।

(छ) “गैह्रप्राकृतिक विपद्” भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डमिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाइ, सडक, विद्युतीय दुर्घटना, जल, औद्योगिक दुर्घटना, आगलागि, विषाक्त ग्यास, रसायन वा विकीरण चुहावट, ग्यास विष्फोटन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा विपद् उद्घार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैह्रप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्दछ ।

(ज) “जिल्ला विपद् व्यवस्थापन समिति” भन्नाले सङ्घीय ऐनको दफा १६ बमोजिम सङ्खुवासभा जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(झ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐनद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ञ) “नगर विपद् व्यवस्थापन परिषद्” भन्नाले दफा ३ बमेजिम गठन भएको चैनपुर नगरपालिका विपद् व्यवस्थापन परिषद् सम्झनु पर्दछ ।

(ट) "प्रदेश ऐन" भन्नाले प्रदेश सरकार प्रदेश नम्बर १को विपद् व्यवस्थापन ऐन २०७५ सम्झनु पर्दछ ।

(ठ) “प्रदेश विपद् व्यवस्थापन समिति” भन्नाले सङ्घीय ऐनको दफा १४ बमोजिम प्रदेश नम्बर एकमा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ड) “प्रदेश मन्त्रालय” भन्नाले प्रदेश सरकार प्रदेश नम्बर १ को विपद् व्यवस्थापन हेर्ने तोकिएको मन्त्रालय सम्झनु पर्दछ ।

(ढ) “प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू–स्खलन, डुबान, खडेरी, आर्धीँबेहरी, हुरीबतास, शीतलहर, तातो हावाको लहर, चटयाङ, भूकम्प, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्दछ ।

(ण) “राष्ट्रिय कार्यकारी समिति” भन्नाले सङ्घीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्दछ ।

(त) “राष्ट्रिय परिषद्” भन्नाले सङ्घीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्दछ ।

(थ) “राष्ट्रिय प्राधिकरण” भन्नाले सङ्घीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनु पर्दछ ।

(द) “विपद्” भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैह्रप्राकृतिक विपद् सम्झनु पर्दछ ।

(ध) “विपद् खोज तथा उद्‌घार समूह” भन्नाले विपद्‌को अवस्थामा खोजी तथा उद्‌घार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्‌घार समूह सम्झनुपर्दछ । सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मी र समुदायमा अधारित साधारण खोज तथा उद्धार समूहलाई समेत जनाउँछ ।

(न) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद्‌पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्याङ्कन, विपद् रोकथाम वा विपद् बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्न गरिने कार्यलाई सम्झनु पर्दछ ।

(प) “विपद् पुनर्लाभ” भन्नाले विपद्‌को घटनापछि गरिने पुनर्निर्माण एवं पुनःस्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्दछ ।

(फ) “विपद् प्रतिकार्य” भन्नाले विपद्‌को घटना हुनासाथ तत्कालै गरिने खोज, उद्‌घार एवं राहतसँग सम्बन्धित कार्य र त्यसका लागि गरिने पूर्वतयारीलाई समेत सम्झनु पर्दछ ।

(ब) “विपद् व्यवस्थापन” भन्नाले विपद् अल्पीकरण, रोकथाम, विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्दछ ।

(भ) “व्यवसायिक प्रतिष्ठान” भन्नाले उद्योग, कलकारखाना सिनेमा, घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवनजस्ता व्यवसायिक प्रतिष्ठान सम्झनु पर्दछ ।

(म) सो शब्दले विपद् व्यवस्थापनका लागि गठितस्वयंसेवक समूहलाई समेत जनाउनेछ ।

(य) “सङ्घीय ऐन” भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्दछ ।

(र) “सङ्घीय मन्त्रालय” भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनु पर्दछ ।

(ल) “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संस्था, प्रचलित कानुन बमोजिम स्थापना भएका सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनु पर्दछ ।

## .परिच्छेद–२

## नगर विपद् व्यवस्थापन परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

३. **नगर विपद् व्यवस्थापन परिषद्को गठन**: (१) चैनपुर नगरपालिका भित्रविपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक नगर विपद् व्यवस्थापन परिषद् रहनेछ ।

२) नगर विपद् व्यवस्थापन परिषद्को गठन देहाय बमोजिम हुनेछ :–

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उप–प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सबै वडाका अध्यक्षहरू – सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, सङ्खुवासभा जिल्ला – सदस्य

(च) प्रतिनिधि ईलाका प्रशासन कार्यालय,चैनपुर – सदस्य

(छ) सामाजिक विकास महाशाखा/शाखा प्रमुख – सदस्य

(ज) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापनशाखा प्रमुख – सदस्य

(झ) चैनपुर नगरपालिकाभित्र रहेका सङ्घीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि – सदस्य

(ञ) चैनपुर नगरपालिकाभित्र रहेका प्रदेश प्रहरीका प्रमुख वा प्रतिनिधि – सदस्य

(ट) नगर प्रहरी प्रमुख – सदस्य

(ठ) राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिकास्थित प्रमुख वा प्रतिनिधि – सदस्य

(ड) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि एकजना – सदस्य

(ढ) चैनपुर उद्योग वाणिज्य सङ्घका प्रमुख वा प्रतिनिधि एकजना – सदस्य

(ण) गैह्रसरकारी संस्था महासङ्घका स्थानीय प्रतिनिधि एकजना – सदस्य

(त) नेपाल पत्राकार महासङ्घका स्थानीय प्रतिनिधि एकजना – सदस्य

(थ) चैनपुर नगरपालिकाभित्रका सहकारी संस्थाको सङ्घका प्रतिनिधि (१ जना) – सदस्य

(द) चैनपुर नगरपालिकाभित्रका सामुदायिक वन उपभोक्ता महासङ्घका प्रतिनिधि (१ जना) – सदस्य

(ध) चैनपुर नगरपालिकाभित्रका क्याम्पसमध्येबाट परिषद्ले मनोनयन गरेका प्रमुख एकजना – सदस्य

(न) सामुदायिक प्रकोप व्यवस्थापन समितिको राष्ट्रिय सञ्जालको नगर समितिका प्रमुख – सदस्य

(प) नगर बाल क्लब सञ्जालका अध्यक्ष वा प्रतिनिधि एकजना – सदस्य

(फ) नगर अपाङ्ग संघको अध्यक्ष वा प्रतिनिधि एकजना – सदस्य

(ब) नगरपालिकाभित्र रहेको प्रमुख सहयोगी साझेदार संस्थाको प्रतिनिधि एकजना – सदस्य

(भ) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका संस्था वा वा स्थानीय विज्ञहररूमध्येबाटकम्तीमा दुईजना महिलासहित नगरपरिषद्ले मनोनित गरेका तीनजना –सदस्य

(म) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको महाशाखा/शाखा प्रमुख – सदस्य सचिव

(३)उपदफा (२) को खण्ड (ध) बमोजिम मनोनित सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(४)उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रमसङ्ख्या(ट), (ठ), (ड), (ढ), (ण), (त),(थ), (द), (ध)(न)का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि परिषद्को गठन एवं काम कारवाही गर्नमा असर पर्ने छैन ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा नगर विपद् व्यवस्थापन परिषद्ले जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर सदस्यबाट त्यसरी हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम गठन भएको नगर परिषद्ले सङ्घीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा काम गर्नेछ ।

४. **नगर विपद् व्यवस्थापन परिषद्को बैठक सम्बन्धी व्यवस्था** : (१) नगर विपद् व्यवस्थापन परिषद्को बैठक वर्षमा कम्तीमा पनि चारपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२)नगर विपद् व्यवस्थापन परिषद्को सदस्यसचिवले परिषद्को बैठक बस्ने समयभन्दा कम्तीमा पनि चौबीस घण्टा अगावै सबैसदस्यले सूचना पाउने गरी बैठक बस्ने मिति, स्थान र समय तोकी छलफलका विषयसहित सूचना पठाउनु पर्नेछ ।

(३)नगर विपद् व्यवस्थापन परिषद्का पचास प्रतिशत बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अपत्कालीन समयमानगर विपद् व्यवस्थापन परिषद्को बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेलापनि बैठक बोलाउन सक्नेछ ।यस्तो अवस्थामा पचास प्रतिशतभन्दा कम सदस्य उपस्थित भए पिन परिषद्को बैठक बस्न सक्नेछ ।

(५) नगर विपद् व्यवस्थापन परिषद्को बैठक परिषद्का अध्यक्षको अध्यक्षतामा बस्नेछ । अध्यक्षको अनुपस्थितिमा उपप्रमुख र उपप्रमुख पनि अनुपस्थित रहेमा वातावरण तथा विपद् व्यवस्थापन  कार्यपालिका समितिका संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) परिषद्ले आवश्यकता अनुसार कार्यपलिकाका महिला सदस्य, सम्बन्धित निकाय वा सङ्घ-संस्थाका

प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

९) नगर विपद् व्यवस्थापन परिषद्को सचिवालयको रूपमा नगरपालिकाको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाले काम गर्नेछ ।

(१०) परिषद्को निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. **नगर विपद् व्यवस्थापन परिषद्को काम, कर्तव्य र अधिकार**:परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद् बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवं राष्ट्रिय कार्यकारी समिति, राष्ट्रिय प्राधिकरण र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति, योजना र कार्यक्रम अनुरूप हुनेगरी नगरको विपद् जोखिम न्यूनीकरण, विपद्पूर्वतयारी, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, रणानीति,योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(२) विपद् जोखिम न्यूनीकरणका कार्यलाई नगरपालिकाको आवधिक तथा वार्षिक विकास योजना तर्जुमा तथा कार्यान्वयन प्रकृयामा समावेश गरी सबै विषयगत क्षेत्रको विकासमा उत्थानशीलता अभिवृद्धि  सुनिश्चित गर्ने, गराउने,

(३)नगरसभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभसम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गराउने,

(४) नगरपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(५) विपद् जोखिम न्यूनीकरण र आपत्कालीन प्रतिकार्यलाई प्रभावकारी बनाउन विषयगत समूह वा कार्यदल गठन गरी काम,कर्तव्य र अधिकारसहित तोकी कार्य गर्ने, गराउने,

(६) नगरपालिका क्षेत्रमा सुख्खा खडेरीको सामना गर्न जलस्रोतको उचित व्यवस्थापनका लागि वर्षाको पानी संरक्षण र जलपुनःस्थापन गर्नेगरी वनको विकास र विस्तार गर्ने, गराउने,

(७) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा अधारित समिति र समुदायलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिने, दिलाउने,

(८) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका अपत्कालीन मानवीय सहयोगका कार्यहरू यथासमयमा गर्नको लागि संस्थागत संयन्त्र स्वतःपरिचालित हुनेगरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(९) विपद् व्यवस्थापनका सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानुनको अधीनमा रही सार्वजनिक, निजी, गैह्रसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद्व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(१०) विपद्को समयमा स्थानीय आम सञ्चारका माध्यमहरूको भूमिकासम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(११)सरकारी, निजी एवं गैह्रसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालकलगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(१२) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गर्ने, गराउने,

(१३) सुरक्षित सडक विकासका लागि हरित सडकको विकासलाई प्रबवर्द्धन गर्ने र सडक निर्माण मापदण्ड बनाई लागू गर्ने, गराउने,

(१४) नगरभित्रका सार्वजनिक पूर्वाधारसम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(१५) नदी किनार, बगर, पहिरो जानसक्ने भिरालो जमिन र डुबान हुनसक्ने क्षेत्र वा त्यस्तै विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायमा विपद् सुरक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने,

(१६) विपद्का कारण निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध उत्पन्न भएमात्यस्ता सेवाको तत्काल पुनःसञ्चालन गराउन सेवा निरन्तरतायोजना तर्जुमा र पूर्वतयारीसम्बन्धी कार्य गर्ने, गराउने,

(१७) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन विपद् जेखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ योजना तथा कार्यक्रम तर्जुमागरी कार्यान्वयन गर्न समुदायमा अधारित विपद् व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने, गराउने,

(१८) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्ने,गराउने र नगरपालिकाभित्रका उच्च शिक्षालयमा समेत पाठ्यक्रम राख्नका लागि पहल गर्ने,

(१९)विपद्प्रतिकार्यलाई प्रभावकारी बनाउनका लागि सबै विषयगत क्षेत्रमानियमित रूपमा कृत्रिम नमुना अभ्यास गर्ने, गराउने,

(२०) जिल्ला र प्रदेश विपद् व्यवस्थापन समितिसँग समेत समन्वय गरी अपत्कालीन खोज तथा उद्धार र मानवीय सहयोग सामग्रीको भण्डारण गर्ने, गराउने,

(२१) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(२२) नगरभित्र विपद् तथा जलवायु सिकाइ केन्द्रको स्थापना गर्ने,

(२३) स्थानीयआपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(२४) अन्य स्थानीय निकायसँग समेत समन्वय गरी एकीकृत विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व सूचनाप्रणलीको विकास र सञ्चालन गर्ने, गराउने,

(२५)विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने र त्यसका लगि नगरपालिका क्षेमा रहेको सार्वजनिक तथा निजी स्रोत तथा साधनको उच्चतम उपयोगका लागि अवश्यक निर्णय लई कार्यान्वयन गर्ने, गराउने,

(२६) विपद्का कारण हराएका, विग्रेका वा नष्ट भएका कागजातको यकीन तथ्याङ्क सङ्कलन गरी तिनको सुरक्षा गर्ने ।

(२७) विपद्का कारण प्रभावित घरपरिवारको पहिचान स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(२८)विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिमाथि हुनसक्ने लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषणको रोकथामको लागि विशेष सर्तकता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(२९) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनःस्थापना, रोजगारीका अवसरहरूको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(३०) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागारिक, दलित, सीमान्तीकृत वर्ग तथा समुदायर अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(३१) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, गराउने,

(३२) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, राष्ट्रिय प्राधिकरण,प्रदेश विपद् व्यवस्थापनसमिति र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(३३) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(३४)विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा सङ्घीयर प्रदेश ऐन, केन्द्रीय प्राधिकरण र नगरसभाले तोकेका अन्य कार्य गर्ने गराउने,

(३५) विभिन्न सङ्घसंस्थार व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका विषयवस्तुलाई विपद् व्यवस्थापन परिषद्ले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने गराउने,

(३६) विपद् जोखिम न्यूनीकरणलाई दृष्टिगत गरी नगरको भूउपयोगनीति र योजना तर्जुमा गरी सो को कार्यान्वयन गर्ने गराउने,

(३७) विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको प्रबर्द्धन गर्न प्रत्येक बस्तीमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन गराई वडामा सूचीकृत गरी समितिमार्फत् कार्य गराउन गराउन सहजीकरण गर्ने, गराउने,

(३८) समुदायमा अधारित विपद् व्यवस्थापन समितिहरूको सञ्जालीकरणलाई सघाउने र त्यस्ता सञ्जालमा महिला र उच्च जोखिममा रहेका परिवारको नेतृत्व कायम गराउने कार्यविधि तयार गरी प्रबर्द्धन गर्ने, गराउने,

(३९) विपद्को उच्च जोखिममा रहेका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न अवश्यक व्यवस्था गर्ने, गराउने,

(४०) विपद् जेखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन अनुगमन सूचक निर्माण गरी नगरपालिकाको नियमित अनुगमन तथा मूल्याङ्ङ्कन प्रणालीमा समावेश गराउने,

(४१) नगरभित्रको जोखिमयुक्त क्षेत्र, सुरक्षित स्थान, उच्च जोखिममा रहेका घरपरिवार र तिनका सदस्यको उमेरगत र अन्य विवरणसहितको सूची अध्यावधिक गर्ने र स्थानीय ज्ञान, सीप र प्रविधिको पहिचान गरी त्यसको उच्चतम उपयोग गर्ने रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(४२) विपद् व्यवस्थापन सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानुनको प्रतिकूल नहुनेगरी नगर कार्यपालिकाले तोकेबमोजिम र स्थानीय आवश्यकताबमेजिमका अन्य कार्य गर्ने, गराउने,

## परिच्छेद –३

## नगर विपद् व्यवस्थापन कार्यान्वयन समितिको गठन, काम कर्तव्य र अधिकार

६. **नगर विपद् व्यवस्थापन कार्यान्वयन समितिको गठन**: (१) चैनपुर नगरपालिका भित्र विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न एक नगर विपद् व्यवस्थापन कार्यान्वयन समिति रहनेछ ।

२) नगर विपद् व्यवस्थापन कार्यान्वयन समितिको गठन देहाय बमोजिम हुनेछ :–

(क) नगर उप–प्रमुख –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(ग) विपद्सँग सम्बन्धित वडाको वडाध्यक्ष –सदस्य

(घ) सामाजिक विकास शाखा प्रमुख –सदस्य

(ङ) पूर्वाधार विकास शाखा प्रमुख –सदस्य

(च) नगर प्रहरी प्रमुख –सदस्य

(छ) नेपाल रेडक्रस सोसाइटीका स्थानीय प्रतिनिधि (१ जना) –सदस्य

(ज) विपद् व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेका स्थानीय विज्ञ वा संस्थाबाटनगर विपद् व्यवस्थापन परिषद्ले मनोनित गरेका एकजना –सदस्य

(झ) कार्यपालिकाका महिला सदस्यहरू मध्येबाट नगर कार्यपालिकाबाट मनोनित दुईजना महिला सदस्य –सदस्य

(ञ) नगरपालिकाभित्र रहेको विपद् व्यवस्थापनमा काम गर्ने सहयोगी साझेदार संस्थाको प्रतिनिधि एकजना –सदस्य

(ट) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको शाखा प्रमुख –सदस्य सचिव

(३) उपदफ (२) को खण्ड (ज) बमोजिम मनोनित सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(४) उपदफा २ को खण्ड (ज) मा जुनसुकै कुरा लेखिएको भएता पनि मनोनित सदस्यको काम सन्तोषजनक नभएमा नगर विपद् व्यवस्थापन परिषद्ले जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर सदस्यबाट त्यसरी हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(५) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णयक मत दिनेछ ।

(६) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौविस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ । नियमित बैठक कम्तिमा दुई मिहनामा एकपटक बस्नेछ ।

(७) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि अपत्कालीन समयमासिमितको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि बैठक बोलाउन सक्नेछ ।यस्तो अवस्थामा पचास प्रतिशतभन्दा कम सदस्य उपस्थित भए पिन समितिको बैठक बस्न बाधा पर्नेछैन ।

(९) नगर विपद् व्यवस्थापन कार्यान्वियन समितिको सचिवालयको रूपमा नगरपालिकाको पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखाले काम गर्नेछ ।

७. **नगर विपद् व्यवस्थापन कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवंराष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति, योजना र कार्यक्रमबारे नगर विपद् व्यवस्थापन परिषद्समक्ष पेश गरी स्वीकृति लिएर कार्यान्वियन गर्ने,

(२) नगर विपद् व्यवस्थापन परिषद्ले नगरसभा समक्ष पेश गर्ने विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभसम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, रणनीति, योजना तर्जुमा गरी नगर विपद् व्यवस्थापन परिषद् समक्ष पेश गर्ने,

(३) नगर विपद् व्यवस्थापन परिषद्ले गर्नुपर्ने कार्यलाई प्रभावकारी बनाउन सबै प्रकारको सहयोग गर्ने,

(४)विपद् जोखिम न्यूनीकरणलाई विषयगत विकास योजनामा समायोजन गर्न सबै महाशाखा तथा शाखा र इकाईसँग समन्वय गर्ने,

(५)नगरसभार नगर विपद् व्यवस्थापन परिषद् बाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम अल्पीकरण, प्रतिकार्य तथा विपद् पुनर्लाभसम्बन्धी कार्यक्रम कार्यान्वियन गर्ने,

(६) नगरपालिकाबाट सञ्चालन हुने विपद्व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गरी नगर विपद् व्यवस्थापन परिषद् समक्ष पेश गर्ने,

(७) विपद् जोखिम न्यूनीकरण र अपत्कालीन प्रतिकार्यलाई प्रभावकारी बनाउन विषयगत समूह वा कार्यदलहरूसँग समन्वय गरी कार्य गर्ने,

(८) नगरपालिका क्षेत्रको प्रकोप नक्सा तयार गरी सो अनुरूप जोखिम न्यूनीकरणका कार्यक्रम तयार गर्ने र विषयगत क्षेत्रका कार्यक्रममा समावेश गर्न नगर विपद् व्यवस्थापन परिषदबाट आवश्यक निर्णय गराउने,

(९) विपद् व्यवस्थापनका सम्बन्धमा नगरपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(१०) विपद् व्यवस्थापनका सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानुनको अधीनमा रही सार्वजनिक, निजी, गैह्रसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्न परिषद्लाई सहयोग गर्ने र परिषद्को निर्णयको कार्यान्वयन सम्बन्धित संस्था वा निकायबाट गराउन अवश्यक सहजीकरण गर्ने,

(११)नगर विपद् व्यवस्थापन परिषद्को निर्णयबमोजिम सरकारी, निजी एवं गैह्रसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सबैलाई विपद् व्यवस्थापन सम्बन्धी कार्यमा परिचालन गराउने,

(१२) विपद् अल्पीकरण, जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र त्यसका लागि पूर्वतयारीलाई प्रभावकारी बनाउन अवश्यक निर्देशिका, मार्गदर्शन, योजना आदि तयार गरी नगर विपद् व्यवस्थापन परिषद् समक्ष पेश गर्ने र स्वीकृति भएबमोजिम कार्यान्वयन गर्ने,

(१३) नगरभित्र हुने विपद्को सामना गर्ने सामुदायिक क्षामता विकासका कार्यक्रम तयार गरी वडास्तरीय विपद् व्यवस्थापन समितिमार्फत् जनचेतना र क्षमता विकासका कार्य गर्ने, गराउने,

(१४)विपद्प्रतिकार्यलाई प्रभावकारी बनाउनका लागि सबै विषयगत क्षेत्रमा र वडा तहमासमेतनियमित रूपमा कृत्रिम नमुना अभ्यास गराउने कार्यको नेतृत्व लिने,

(१५)विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(१६) विपद्का कारण हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकीन तथ्याङ्क सङ्कलन गरी तिनको सुरक्षा गर्न आवश्यक प्रबन्ध मिलाउने,

(१७) विपद्का कारण प्रभावित घरपरिवारको पहिचान् र स्तर निर्धारण तथा परिचयपत्र वितरणका लागिवडा स्तरीय विपद् व्यवस्थापन समितिसँग सहकार्य गर्ने,

(१८)विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी जेष्ठ नागरिक,महिला बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिमाथि हुनसक्ने लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषणको रोकथामको लागि विषयगत समूह वा कार्यदललाई प्रभावकारी रूपमा परिचालन गरी कार्य गराउने,

(१९) विपद्को जोखिम आँकलन गरी विपद् व्यावस्थापन सामाग्रीहरू खरिद गरी नगर तथा वडामा भण्डारणको व्यवस्था मिलाउने,

(२०) विपद् जेखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कनका लागि अवश्यक सूचक निर्माण गरी नगरपालिकाको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीमा समावेश गराउन नगर विपद् व्यवस्थापन परिषद् समक्ष पेश गरी स्वीकृत गराउने,

(२१) विपद् व्यवस्थापन सम्बन्धमा सङ्घीय र प्रादेशिक कानुनको प्रतिकूल नहुनेगरी नगर कार्यपालिका र नगर विपद् व्यवस्थापन परिषद्ले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने,

## परिच्छेद –४

## वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार

८. **वडा स्तरीय विपद् व्यवस्थापन समिति** : १) नगरपालिकाको प्रत्येक वडामा एक वडा स्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

२) वडा स्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | –संयोजक |
| (ख) | वडामा रहेका नगर कार्यपालिका सदस्यहरू | –सदस्य |
| (ग) | वडा सदस्यहरू | –सदस्य |
| (घ) | वडाभित्र रहेको विषयगतकार्यालय/ शाखा/इकाई कार्यालय प्रमुखहररू | –सदस्य |
| (ङ) | वडामा रहेको सुरक्षा निकाय | – सदस्य |
| (च) | राष्ट्रिय मान्यता प्राप्त दलको वडास्थित प्रमुख वा प्रतिनिधि | –सदस्य |
| (छ) | स्थानीय रेडक्रस | –सदस्य |
| (ज) | गैह्रसरकारी तथा समुदायमा आधारित सङ्घसंस्था तथा युवा क्लबबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिलासहित ४ जना | –सदस्य |
| (झ) | वडाभित्रका महिला समूह रआमा समूहबाट मनोनित दुईजना | –सदस्य |
| (ञ) | वडा स्तरीय बाल क्लब सञ्जाल अध्यक्ष वा प्रतिनिधि | –सदस्य |
| (ट) | वडा सचिव | –सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौविस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) उपदफा (४)र (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि अपत्कालीन समयमा समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा पचास प्रतिशतभन्दा कम सदस्य उपस्थित भएमा पनि समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षत समितिको संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(९) समितिलेआवश्यकता अनुसार सम्बन्धित निकाय वा सङ्घ संस्थाका प्रतिनिधि र वडा तहकाविज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैँले निर्धारण गरेबमोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

**९. वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) वडाभित्र विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभसम्बन्धी कार्यक्रम सञ्चालनका लागि नगर विपद् व्यवस्थापन परिषद् समक्ष सिफारिस गर्ने तथा परिषद्द्वारा स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकनगर्ने,

(२) वडाभित्रको जोखिमयुक्त क्षेत्र, सुरक्षित स्थान, उच्च जोखिममा रहेका घरपरिवार र तिनका सदस्यको उमेरगत र अन्य विवरणसहितको सूची अध्यावधिक गर्ने र स्थानीय ज्ञान, सीप र प्रविधिको पहिचान गरी क्षामता विकासका कर्यक्रम सञ्चालन गर्ने,

(३) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने, विद्यालय र अस्पतालजस्ता अत्यावश्यक सेवा प्रदायक निकायमा रहेको जोखिम न्यूनीकरणका लागि जोखिम लेखाजोखा गरी पहिचान भएका जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

(४) विपद् व्यवस्थापनका सम्बन्धमाअधारभूत काम, कर्तव्य र अधिकारसहित अवश्यक कार्यदल गठन गरी वडाको संस्थागत क्षमता विकास गर्ने,

(५) वडास्तरीय विपद् व्यवस्थापन योजना, आपत्कालीन मानवीय सहयोग कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(६) जोखिममा रहेका समुदायमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन गराई वडामा सूचिकृत गराएरजोखिम न्यूनीकरण र मानवीय सेवामा परिचालन गर्ने, गराउने,

(७) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समितिका सदस्य, नागारिक समाजकाप्रतिनिधिको क्षामता विकासका लागि विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(८) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन जनचेतना अभिवृद्धि गर्ने,

(९) कार्यदललाई सहभागी बनाई विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमागरी विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(१०) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथामिक कार्यहररू तत्काल गर्नको लागि नगर विपद् व्यवस्थापन परिषद् र कार्यान्वयन समितिसँग समन्वय गर्ने,

(११) विपद्को सामना क्षमता विकासका लागि संस्थागत र सामुदायिक सहभागितामा आवधिक रूपमा कृत्रिम घटना अभ्यास गर्ने, गराउने,

(१२) विपद्का कारण प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा नगर विपद् व्यवस्थापनपरिषद् र कार्यान्वियन समितिलाई सहयोग गर्ने,

(१३) विपद्को समयमा जोखिम रहेका समूह विशेष गरी जेष्ठ नागरिक,महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना लैङ्गिक वा अन्य हिंसा, बेचबिखन तथा अन्य कुनैपनि किसिमका शोषण रोकथामको लागि विशेष सतर्कता अपनाउने र चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(१४) नगर विपद् व्यवस्थापन परिषद्, नगरसभा र नगर कार्यपालिकाले निर्णय गरे बमोजिम वडा तहको विपद्जेखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी अन्यआवश्यक कार्य गर्ने, गराउने,

(१५)समुदाय तहमा विपद् उत्थानशीलता प्रवर्द्धनसम्बन्धी योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, गराउने।

## परिच्छेद – ५

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**१०.सुरक्षा निकायको परिचालन तथा सहयोग समन्वयः**(१) नगरकार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका सङ्घीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि अवश्यक सामग्रीको माग गरेमा नगरविपद् व्यवस्थापन समिति र कार्यपालिकालेतत्काल उपलब्ध गराउनु पर्नेछ ।

(३) विपद् प्रतिकार्यका लागि नगरपालिकाले आफूसँग रहेको नगर प्रहरीलाई परिचालन गर्नुपर्नेछ ।

**११. बारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकारः**

(१) वारुणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहतउपलब्ध गराउन नगर विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा नगर प्रमुखको आदेश बमोजिम कुनैपनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधान र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

१२. नगर आपत्कालीन कार्य सञ्चालन केन्द्रको स्थापना, काम, कर्तव्य तथा अधिकारः

(१) नगरपलिकाले नगर आपत्कालीन कर्यसञ्चालन केन्द्रको स्थापना गर्नेछ ।

(२) नगर आपत्कालीन कार्यसञ्चालन केन्द्रको काम कर्तव्य तथा अधिकार केन्द्रीय, प्रदेश र जिल्ला अपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यविधिअनुरूप हुनेगरी नगर विपद् व्यवस्थापन परिषद्ले तोके बमोजिम हुनेछ।

१३. नगरपालिका स्थित विपद् व्यवस्थापनमा काम गर्ने प्रमुख साझेदार संस्थाको काम, कर्तव्य तथा अधिकारः (१) नगर विपद् व्यवस्थापन परिषद्ले नगरपालिकाभित्र विपद् व्यवस्थापनमा काम गर्ने संस्थालाई प्रमुख साझेदार संस्थाको रूपमा मनोनयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनोनित साझेदार संस्थाको काम,कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः

(क) नगर विपद् व्यवस्थापन परिषद् र कार्यान्वियन समितिको बैठक सञ्चालनमा अवश्यक सहयोग र सहजीकरण गर्ने,

(ख) नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन,रणनीति, कार्यविधि र योजना तर्जुमा र कार्यान्वयनमा अवश्यक सहजीकरण र सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापनसम्बन्धी कार्यशालाको अयोजनामा सहयोग र सहजीकरण गर्ने,

(ग) स्थानीय स्तरमा उत्थानशीलता अभिवृद्धिका लागि सचेतनामूलक र क्षमता विकाससम्बन्धी गतिविधिमा नगरपालिकालाई प्राविधिक सहयोग गर्ने,

(ङ) आपत्कालीन अवस्थामा प्रतिकार्यको लागि विपद् पूर्वतयारी योजना तर्जुमा तथा मानवीय सहयोगका लागि आर्थिक स्रोत सङ्कलन र वितरणमा सहयोग गर्ने,

(च) उत्थानशील नमुना नगर तथा वडा निर्माणका लागि परामर्श तथा प्राविधिक सेवा उपलब्ध गराउने।

**१४. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः**(१) विपद् व्यवस्थापनको सम्बन्धमा नगरपालिकिभित्रका सबै सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व देहायबमोजिम हुनेछ :-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यवसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री आपत्कालीन स्थानान्तरण लगायतका तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क संङ्कलन, क्षतिको मुल्याङ्कन, राहत,पुनःस्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग)आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गराउने र आवधिक रूपमा कृत्रिम घटना अभ्यासमार्फत् जीवन रक्षाका सीप अभिवृद्धि गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधानलाई तयारी हालतमा राख्ने ,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरीवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुरयाउने,

(छ)विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदूषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्नसक्ने नकरात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना भएमा तत्काल नजिकको सुरक्षा निकाय वा स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्र र वडास्तरीय विपद् व्यवस्थापन समितिलाई खबर गर्ने ।

(ञ) विपद्को समयमा सहयोग सङ्कलन गर्नुपूर्व र सहयोग वितरण गर्नुपहिले नगरपालिकाको स्वीकृति लिनु अनिवार्य हुनेछ,

२) नगरपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले नगरपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही आपत्कालीन प्रतिकार्य योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्ने ।

**१५. विपद व्यवस्थापनमा सहयोग गर्नुपर्ने :**नगरपालिका भित्रकासरकारी कार्यालय, गैह्रसरकारी संस्था, स्थानीय सङ्घसस्था,समुदाय,स्वयंसेवक, नागारिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा नगरपालिकालाई देहायबमोजिम सहयोग गर्नुपर्नेछ ।

(क) तथ्याङ्क संकलन, क्षतिको मुल्याङ्कन, राहत, पुर्नस्थापना तथा पुर्ननिर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपतकालिन नमुना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने

## परिच्छेद –६

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

**१६. विपद् व्यवस्थापन कोषः**(१)विपद् व्यवस्थापनका लागि चैनपुर नगरपालिकामा छुट्टै एक विपद् व्यवस्थापन कोष रहनेछ

(२) केषमा देहायबमोजिमका रकमहरू रहनेछन् :-

(क) नगरपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापनकोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) कुनै स्वदेशी सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम,

(ङ) राष्ट्रिय प्राधिकरणबाट प्राप्त रकम,

(च)अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापन कोषका लागि नगरपालिकाले कानुन बमोजिम विशेष शुल्क वा दस्तुर सङ्कलन गर्न सक्नेछ ।

(४) कोषको सञ्चालन नगर विपद् व्यवस्थापन परिषद्ले तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधबमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् अपत्काली समयमा जोखिम न्यूनीकरण, अपत्कालीन मानवीय सहयोग र राहत व्यवस्थापनसम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम नियमित प्राशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत् नगरसभा समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद –७

## कसुर तथा सजाय

**१७. कसुर तथा सजाय**ः कसैले विपद्को घटना हुनसक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना गराउन प्रत्यक्ष संलग्न भएमा वा घटना भएको अवस्थामा नाजायज फाइदा पुग्ने किसिमको कुनै काम गरेमा वा अफवाह फैलाएर समाजलाई त्रसित बनाएमा वा यस सम्बन्धमा सङ्घीय, प्रदेशकानुन र र यस ऐन बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत्सम्बन्धी कारवाही प्रचलीत सङ्घीय र नगर कानुनबमोजिम हुनेछ ।

## परिच्छेद –८

## विविध

**१८. विपद् सङ्कटग्रस्त क्षेत्र घोषाणको पालना र समन्वयः** (१) नेपाल सरकारले नगरपालिकाभित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषण गरी प्रचलीत कानुन बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु नगरपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलीत कानुन बमोजिम कुनै काम गर्न गराउन नगरपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिमसङ्कटग्रस्त क्षेत्र घोषण गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा नगरपालिकाले सहयोग र समन्वय गर्नेछ ।

**१९. नेपाल सरकारको स्वीकृतिमा मात्र प्रवेश गर्नुपर्नेः** (१) विपद् बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागारिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनी नगर कार्यपालिकाले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागारिक वा संस्थाले नेपाल सरकारको स्वीकृती लिएको नदेखिएमा निजको प्रवेशलाई रोक लगाई तत्सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराइनेछ ।

**२०. मानवीय तथा अन्य सहायता र समन्वय :**नगरपालिकाभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधानबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला विपद् व्यवस्थापन समिति,प्रदेश सरकार तथा नेपाल सरकारलाई नगरपालिकाले अनुरोध गर्नेछ ।

(२) विपदबाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रही तत्सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो को व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला विपद् व्यवस्थापन समिति वा प्रदेश सरकारमार्फत् अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुरयाउनु नगरकार्यपालिकाको दायित्व हुनेछ ।

**२१. तत्काल खरीद तथा निर्माण र प्रयोग गर्न सकिने :** (१) विशेष परिस्थिति परी विपद्का कारण प्रभावित क्षेत्रमा खोज उद्धार तथा राहतउपलब्ध गराउन तथा भइरहेको विपद्का कारण थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामाग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलीत कानुनमा रहेको विशेष परिस्थितमा खरिद गर्ने सम्बन्धी व्यवस्थाबमोजिम नगर कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सक्नेछ ।

(२) विपदबाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद् बाट थप क्षति हुन नदिनका लागि नगरपालिका क्षेत्रभित्रको कुनै गैह्रसरकारी संस्था कार्यालय, निजी व्यवसायिक प्रतिष्ठान र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधान उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गरी उपयोग गर्न सकिनेछ ।

(३) विपदबाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन नगरपालिका क्षेत्रभित्रको कुनै गैह्रसरकारी कार्यालय सार्वजनिक संस्थान र अन्य सङ्घ संस्था तथा व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधि वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

४) नगरपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोगवापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

२२.**राहतको न्यूनत्तम मापदण्ड सम्बन्धी व्यवस्था :**(१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समितिले उपलब्ध गराउने राहतको अतिरिक्त नगरपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहतउपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहतउपलब्धगराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा स्थानीय अवश्यकताका अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछ :

(क) विपद् प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनुपर्ने आवास, खाद्यान्न, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी मापदण्ड वा विषय,

(ख) विपद्का कारण मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउने न्यूनत्तम राहत समबन्धी मापदण्ड,

(ग) महिला, बालबालिका, जेष्ठ नागारिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि डिग्निटी किट, चिल्ड्रेन किटरमहिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थलजस्ता विशेष राहत प्याकेजहरूको व्यवस्था,

(घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षा सम्बन्धी विषय,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट प्रभावितको जीवीकोपार्जन सम्बन्धी विषय,

(च) गैह्रसरकारी तथा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी विषय,

(छ) एकद्वार प्रणली अनुरूप राहत वितरण र व्यवस्थापन गर्ने सम्बन्धी विषय,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय।

(२) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराउने राहत मापदण्ड बनाउँदा सङ्घीय मापदण्डलाई समेत अधार मानेर ससाना विपद्का कारण प्रभावित र ठूलो विपद् परी शिविर नै स्थापना गर्नुपर्ने अवस्थाका लागि उपयुक्त मापदण्ड बनाउनु पर्नेछ।

२३. **विपदमा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा**: विपद्का कारण हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका नगरपालिकाका महत्वपूर्ण कागजातहरूको प्रमाणीकरण तथा प्रतिलिपी उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलीत कानुनले तोकेबमोजिम हुनेछ।

२४. **निर्देशन दिन सक्नेः**नगर विपद् व्यवस्थापन परिषद्ले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

२५. **उपसमिति गठन गर्न सक्नेः** (१) नगर विपद् व्यवस्थापन परिषद्ले आवश्यकता अनुसार उपसमिति वा विषयगत समूह गठन गरी कार्य गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा विषयगत समितको काम, कर्तव्य, अधिकार र कार्यविधि नगर विपद् व्यवस्थापन परिषद्ले तोकिएबमोजिम हुनेछ ।

२६. **अभिलेख राख्नुपर्ने :** (१) विपद्को समयमा उपलब्ध गराइएको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद् मा परेका महिला बालबालिका तथा जेष्ठ नागारिक, विपद्का कारणले स्थानान्तरण वा विस्थापित भएका घरपरिवार लगायतको सङ्ख्या यकीन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्टरूपमा राख्नुपर्नेछ ।

२७. **पुरस्कार दिन सक्नेः**नगरको विपद्व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप नगर विपद् व्यवस्थापन परिषद्को सिफारिसमा नगर कार्यपालिकाले सम्मान तथा पुरस्कार दिनेछ ।

२८. **वार्षिक प्रतिवेदनः** (१) नगर विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत् नगर सभा, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् व्यवस्थापन समितिर राष्ट्रिय प्राधिकरण समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्नेछ ।

२९. **प्राशासनिक खर्च व्यवस्थापनः** समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्यूनतम प्राशासनिक खर्च नगरकार्यपालिकाले व्यवस्था गर्नेछ ।

३०. **अधिकार प्रत्यायोजनः** यो ऐन तथा यस अन्तर्गत बनेको नियम बमोजिम नगर विपद् व्यवस्थापन परिषद्लाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार अध्यक्ष वा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३१. **नियम बनाउने अधिकारः** नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक परेमा नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

३२. **व्याख्या गर्ने अधिकारः** यो ऐनको व्याख्या गर्ने अधिकार चैनपुर नगरपालिकामा निहित रहनेछ ।

३३. **सङ्घीय कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख भएका विषयहरू सङ्घीय कानुन बमोजिम हुनेछन् र सङ्घीय कानुनसँग बाझिएका विषयहरू बाझिएको हदसम्म स्वतःनिष्क्रिय हुनेछन् ।

आज्ञाले,
अर्जुन निरौला

मितिः२०७६।११।२६ प्रमुख प्रशासकीय अधिकृत